| | | |
|---|---|---|
| **परिच्छेद १**<br>**प्रारम्भिक**<br>**१. संक्षिप्त नाम र प्रारम्भ**<br>क) यो कार्यबिधीको नाम "पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम कार्यन्वयन कार्यबिधी २०७२" रहेको छ ।<br>। | **परिच्छेद १**<br>**प्रारम्भिक**<br>**१. संक्षिप्त नाम र प्रारम्भ**<br>क) यो कार्यबिधीको नाम "पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम कार्यन्वयन कार्यबिधी २०७२"पहिलो संशोधन २०७४ रहेको छ । | |
| **२. परिभाषा :**<br>बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,<br>ग) "निर्देशन समिति" भन्नाले दफा ६ अनुसार गठीत समितिलाई बुझाउनेछ ।<br>घ) "प्राबिधीक समिति" भन्नाले दफा ७ अनुसार गठीत समितिलाई बुझाउनेछ । | **२. परिभाषा :**<br>बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,<br>ग) हटाइएको<br>घ) "प्राबिधिक तथा मूल्याङ्कन समिति" भन्नाले दफा ६ अनुसार गठीत समितिलाई बुझाउनेछ ।<br>ट) "व्यवसायी" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपाल (फ्यान) मा आबद्ध भएका सदस्यहरु तथा पुष्प व्यवसाय गर्न सम्बन्धित सरकारी निकायमा दर्ता भई कार्य गर्दै गरेका संस्थालाई समेतसम्झनु पर्दछ ।<br>ड) "केन्द्र" भन्नाले पुष्प बिकास केन्द्र गोदावरीलाई सम्झनु पर्दछ ।<br>ढ) "उप समिति" भन्नाले प्राबिधीक समितीद्वारा गठित उप समितिलाई जनाउदछ । | |
| **३. कार्यक्रमको उद्धेश्य:** | **३. कार्यक्रमको उद्धेश्य:**<br>(घ) पुष्प व्यवसायको बिकास बिस्तार र प्रबर्द्धन गर्ने ।<br>(ङ) नेपाली रैथाने स्थानिय बोट बिरुवाहरुको पहिचान, संकलन, अनुसन्धान तथा व्यवसायीकरणमा सहयोग गर्ने । | घ र ङ नं. उदेश्य थप गरिएको । |
| **परिच्छेद २**<br>**साझेदार संस्थाहरु र तिनको भुमिका**<br>**४. फ्यानको जिम्मेवारी र भुमिका :**<br>यस कार्यबिधी बमोजिम फ्यानको जिम्मेवारी र भुमिका देहाय बमोजिम हुनेछ ।<br>क) मन्त्रालयमा पुष्प व्यवसाय प्रबर्द्धनका लागि आगामी आ.ब. भित्र संचालन गरिने कार्यक्रम तयार गरी बजेट पेश गर्ने । | **परिच्छेद २**<br>**साझेदार संस्थाहरु र तिनको भुमिका**<br>**४. फ्यानको जिम्मेवारी र भुमिका :**<br>यस कार्यबिधी बमोजिम फ्यानको जिम्मेवारी र भुमिका देहाय बमोजिम हुनेछ ।<br>क) केन्द्रमा पुष्प व्यवसाय प्रबर्द्धनका लागि आगामी आ.ब. भित्र संचालन गरिने कार्यक्रम तयार गरी बजेट पेश गर्ने । | यस अघि कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अब पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |

केन्द्र प्रमुख

सचिव

| | | |
|---|---|---|
| **परिच्छेद ३**<br>**समितिहरु र तिनको काम, कर्तव्य र अधिकार**<br><br>**६. निर्देशन समिति सम्बन्धि व्यवस्थाः**<br><br>क) सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनमा सहयोग, समन्वय र नियमन गर्न एक निर्देशन समिति रहने छ ।<br>ख) उपदफा (क) बमोजिमको समितिमा देहाय बमोजिकका पदाधिकारीहरु सदस्य रहने छन ।<br><br>सचिब, कृषि बिकास मन्त्रालय -अध्यक्ष<br>सह-सचिब, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि बिकास मन्त्रालय, -सदस्य<br>सह-सचिब, योजना महाशाखा, कृषि बिकास मन्त्रालय -सदस्य<br>सह-सचिब, अनुगमन तथा मुल्याङ्कन महाशाखा, कृषि बिकास मन्त्रालय -सदस्य<br>महा निर्देशक, कृषि बिभाग -सदस्य<br>महा निर्देशक, वनस्पती बिभाग -सदस्य<br>अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा, (बरिष्ठ अधिकृत) -सदस्य<br>राष्ट्रिय योजना आयोग, ग्रामिण तथा कृषि बिकास महाशाखा (बरिष्ठ अधिकृत) -सदस्य<br>प्रमुख कार्यकारी अधिकृत, कृषि उद्यम केन्द्र -सदस्य<br>प्रमुख, पुष्प बिकास केन्द्र -सदस्य<br>अध्यक्ष, फ्लोरिकल्चर एशोसिएसन नेपाल -सदस्य सचिब<br><br>ग) उपदफा -ख) बमोजिमको समितिमा आबश्यकतानुसार कुनै बिज्ञलाई बैठकमा आमण्त्रण गर्न सक्नेछ ।<br>घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । समितिको सचिवालय फ्यानमा रहनेछ ।<br>ङ) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकतानुसार निर्देशन गर्ने । | **हटाइएको** | पुष्प बिकास केन्द्र अन्तर्गत कार्यक्रम कार्यन्वयन हुने भएकोले कृषि बिकास मन्त्रालयको सचिबज्यूको अध्यक्षतामा गठित निर्देशन समिति हटाई प्राबिधीक समिति मात्र राख्न उचित हुने देखिएकोले निर्देशन समिति हटाईएको । |

नेपाल सरकार कृषि बिकास मन्त्रालय सिंहदरबार

केन्द्र प्रमुख

सचिव

| | | |
|---|---|---|
| २) कार्यक्रम कार्यन्वयनको सम्बन्धमा बिभिन्न निकायहरु बिच समन्वय गर्ने ।<br>३) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।<br>४) समितिको निर्णयको कार्यान्वयन गर्ने गराउने सदस्य सचिबबाट हुनेछ । | | |
| **७. प्राविधिक समिति सम्वन्धि व्यवस्था :**<br>क) सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि निर्देशन समितिलाई प्राविधिक सहयोग पुर्याउन तथा समन्वय गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छ ।<br><br>(ख) उपदफा (क)बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन् :<br>सह सचिव, कृषि व्यवसाय प्रबर्द्धन तथा तथ्यांक महाशाखा,कृषि विकास मन्त्रालय अध्यक्ष<br>शाखा प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन शाखा, कृषि विकास मन्त्रालय सदस्य<br>शाखा प्रमुख, बजेट तथा कार्यक्रम शाखा, कृषि विकास मन्त्रालय सदस्य<br>शाखा प्रमुख, अनुगमन मूल्यांकन शाखा, कृषि विकास मन्त्रालय सदस्य<br>शाखा प्रमुख, ऐन नियम परामर्श शाखा, कृषि विकास मन्त्रालय सदस्य<br>शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, कृषि विकास मन्त्रालय सदस्य<br>प्रमुख वा अधिकृत प्रतिनीधि पुष्प बिकास केन्द्र -सदस्य<br>वरिष्ठ अधिकृत, वनस्पती बिभाग -सदस्य<br>पुष्प बिज्ञ -सदस्य<br>महासचिब, फ्लोरिकल्चर एशोसिएसन नेपाल -सदस्य | **परिच्छेद ३**<br>**समितिहरु र तिनको काम, कर्तव्य र अधिकार**<br><br>**६. प्राविधिक तथा मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :**<br>क) सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न गराउन तथा आवश्यकता अनुसार सम्बन्धित निकायहरुसंगसमन्वय गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छ ।<br><br>(ख) उपदफा (क)बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन् :<br>प्रमुख, पुष्प बिकास केन्द्र, -अध्यक्ष<br>प्रमुख,राष्ट्रिय वनस्पती उद्यान -सदस्य<br>आर्थिक प्रशासन शाखा, पुष्प बिकास केन्द्र -सदस्य<br>फलफूल बिकास निर्देशनालयको अधिकृत प्रतिनिधि -सदस्य<br>अध्यक्ष, महासचिब वा फ्लोरिकल्चर एशोसिएसन नेपालको प्रतिनीधी -सदस्य सचिव | यस अघि कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अब पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |

केन्द्र प्रमुख

सचिव

| | | |
|---|---|---|
| सचिव<br><br>ङ) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>१) कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रम तथा बजेट अनुदान वितरणका लागि सिफारिस सहित निर्देशन समितिमा पेश गर्ने । | ङ) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>१) कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रम तथा बजेट अनुदान वितरणका लागि आबश्यक कार्यहरु गर्ने । | |
| **९. कोषको सञ्चालन सम्बन्धि व्यवस्था :**<br>ख) कोषको खाता सञ्चालनकृषि बिकास मन्त्रालय,कृषि व्यवसाय प्रबर्द्धन तथा तथ्यांक महाशाखा प्रमुख र फ्लोरिकल्चर एशोसिएसन नेपालको अध्यक्ष वा एसोसियसनले तोकेको व्यक्तिको संयुक्त दस्तखत बाट हुनेछ । | **९. कोषको सञ्चालन सम्बन्धि व्यवस्था :**<br>ख) कोषको खाता सञ्चालन पुष्प बिकास केन्द्र, प्रमुख र फ्लोरिकल्चर एशोसिएसन नेपालको अध्यक्ष वा एसोसियसनले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ । | यस अघि कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अव पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |
| **१०. कोषको लेखा र लेखा परिक्षण :**<br>(ख) कोषको लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट गराई मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।<br>(घ) लेखा परिक्षकको नियुक्ती र परिश्रमिकको निर्धारण प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ ।<br>((च) कोषको आन्तरिक लेखा परिक्षण अन्तिम लेखा परिक्षण हुन एक महिना अघि FAN ले गर्ने छ । आन्तरिक लेखा परिक्षण गर्दा मन्त्रालयबाट लेखा तथा सम्बन्धित शाखाको सहयोग लिन सक्ने छ ।<br>(छ) स्वीकृत कार्यक्रम संचालनको लागि निकासा गर्दा मन्त्रालयबाट चौमासिक निकासा दिने र रकम फरफारक गर्नको लागि तपसिल अनुसारको फरफारक समिति गठन गर्ने ।<br>संयोजक: शाखा प्रमुख ,आर्थिक प्रशासन शाखा,कृषि बिकास मन्त्रालय<br>सदस्य: शाखा प्रमुख , कृषि व्यवसाय प्रबर्द्धन शाखा,कृषि बिकास मन्त्रालय<br>सदस्य: लेखा अधिकृत , आर्थिक प्रशासन शाखा,कृषि बिकास | **१०. कोषको लेखा र लेखा परिक्षण :**<br>(ख) कोषको लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट गराई केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।<br>(घ) लेखा परिक्षकको नियुक्ती र परिश्रमिकको निर्धारण केन्द्रको सिफारिसमा फ्यानले गर्नेछ ।<br>(च) कोषको आन्तरिक लेखा परिक्षण अन्तिम लेखा परिक्षण हुन एक महिना अघि FAN ले गर्ने छ ।<br>(छ) स्वीकृत कार्यक्रम संचालनको लागि निकासा गर्दा कार्यक्रम संचालनका लागि आवश्यक तयारी सहित सुरुवात भएपछि २० प्रतिशत, कार्य सम्पन्न भैसकेपछि ६० प्रतिशत र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भैसकेपछि २० प्रतिशतका दरले पुष्प विकास केन्द्र, गोदावरीबाट रकम निकासा गरिने छ । | यस अघि कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अव पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |

केन्द्र प्रमुख

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

| | | |
|---|---|---|
| मन्त्रालय | | |
| **परिच्छेद ५**<br>**अनुगमन तथा मुल्याङ्कन सम्बन्धि व्यवस्था**<br><br>**११. अनुगमन तथा मुल्याङ्कन**<br>क) सार्वजनिक तथा निजी साझेदारीमा सञ्चालित पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रमको प्रभावकारिता र अनुदान रकमको सदुपयोगको बारेमा केन्द्रिय स्तरबाट अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय र मन्त्रालय मातहतका निकायहरु एवं सरकारका अन्य प्रतिनीधीहरु र निर्देशन समितिका पदाधिकारीहरुबाट हुनेछ । | **परिच्छेद ५**<br>**अनुगमन तथा मुल्याकंन सम्बन्धि व्यवस्था**<br>**११. अनुगमन तथा मुल्याङ्कन**<br>क) सार्वजनिक तथा निजी साझेदारीमा सञ्चालित पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रमको प्रभावकारिता र अनुदान रकमको सदुपयोगको बारेमा अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय मातहतका निकायहरु एवं सरकारका अन्य प्रतिनीधीहरु र प्राबिधीकतथा मूल्याङ्कन समितिका पदाधिकारीहरुबाट हुनेछ । | कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अव पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |
| **१२. कार्यक्रमको समिक्षा तथा प्रगती प्रतिबेदन पेश गर्ने :**<br><br>क) मन्त्रालयको नियमानुसार तथा तोकिएको ढाचामा कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगती प्रतिबेदन सचिवालयले मन्त्रालयमा पेश गर्नेछ ।<br><br>ख) सचिबालयले कार्यक्रमको प्रगती तथा उपलब्धीबारे चौमासिक तथा बार्षिक रुपमा निर्देशन समिती र प्राबिधीक समितिबाट समिक्षा गर्नु गराउनु पर्नेछ । | **१२. कार्यक्रमको समिक्षा तथा प्रगती प्रतिबेदन पेश गर्ने :**<br>क) प्रचलित नियमानुसार तथा तोकिएको ढाँचामा कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगती प्रतिबेदन सचिवालयले पुष्प बिकास केन्द्रमा पेश गर्नेछ ।<br><br>ख) सचिबालयले कार्यक्रमको प्रगती तथा उपलब्धीबारे चौमासिक तथा बार्षिक रुपमा प्राबिधीक समितिबाट समिक्षा गर्नु गराउनु पर्नेछ । | कृषि बिकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण महाशाखा मार्फत कार्यक्रम कार्यन्वयन हुदै आएकोमा अव पुष्प बिकास केन्द्र मार्फत कार्यक्रम संचालन हुने भएकोले संसोधन गरिएको । |

केन्द्र प्रमुख

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

निः सचिव

| | | |
|---|---|---|
| **परिच्छेद ६**<br>**बिबिध**<br><br>**१३. भ्रमण आदेश स्वीकृति तथा भ्रमण भत्ता सम्बन्धि व्यवस्था**<br><br>क) यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा देश भित्र कुनै सरकारी व्यक्ति वा पदाधिकारीले भ्रमण गर्नु पर्दा भ्रमण आदेश सम्बन्धित कार्यालयको प्रमुखबाट र अन्य व्यक्ति वा पदाधिकारीहरुको हकमा फ्यानको अध्यक्षबाट स्वीकृत गरिनेछ। तर कार्यक्रम कार्यन्वयनमा सहयोग पुऱ्याउने उदेश्यले कुनै व्यक्ति वा पदाधिकारी देश बाहिर भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकारको पुर्व स्वीकृती लिनु पर्ने छ।<br><br>ख) उपदफा (क) अनुसार कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्दा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ। | **परिच्छेद६**<br>**बिबिध**<br><br>**१३. भ्रमण आदेश स्वीकृति तथा भ्रमण भत्ता सम्बन्धि व्यवस्था**<br><br>क) यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा देश भित्र कुनै सरकारी व्यक्ति वा पदाधिकारीले भ्रमण गर्नु पर्दा भ्रमण आदेश सम्बन्धित कार्यालयको प्रमुखबाट र अन्य व्यक्ति वा पदाधिकारीहरुको हकमा सम्बन्धित संसथा बाट स्वीकृत गरिनेछ । तर कार्यक्रम कार्यन्वयनमा सहयोग पुऱ्याउने उदेश्यले कुनै व्यक्ति वा पदाधिकारी देश बाहिर भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकारको पुर्व स्वीकृती लिनु पर्ने छ।<br><br>ख) उपदफा (क) अनुसार कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्दा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ। | |
| **१४. समितिको बैठक भत्ता :**<br><br>यस कार्यबिधी बमोजिम गठित बिभिन्न समिति तथा उप समितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने बिज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ। | | |
| **१५.खरिद व्यवस्था**<br><br>कार्यक्रम अन्तरगत गरिने खरिद प्रक्रिया नेपाल सरकारको | | |

केन्द्र प्रमुख

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

सचिव

| | | |
|---|---|---|
| प्रचलित नियमानुसार हुनेछ । | | |
| **१६. कार्यबिधीको व्याख्या :**<br><br>यस कार्यबिधीमा उल्लेख भएका प्रावधानका सम्बन्धमा कुनै विवाद भएमा सोको व्याख्या पुष्प व्यवसाय बिकास समन्वय समितिको निर्णय बमोजिम हुनेछ । सो बाहेक अन्य बिषयमा फ्लोरिकल्चर एशोसिएसन नेपालको आर्थिक नियमावली र नेपालको प्रचलित कानुन बमोजिम हुनेछ । | | |
| **१७. कार्यबिधीको संसोधन :**<br><br>नेपाल सरकार, कृषि बिकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यबिधीमा संसोधन तथा थपघट गर्न सक्नेछ । | | |
| **१८.कार्यक्रमको बचाउ :**<br><br>पुष्प प्रबर्द्धन नीति २०६९ कार्यक्रम कार्यन्वयको लागि पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधी २०७२ नेपाल सरकार, कृषि बिकास मन्त्रालयबाट स्वीकृत भएपछि यसै कार्यबिधी बमोजिम भए गरेको मानिनेछ । | **१८.कार्यक्रमको बचाउ :**<br>पुष्प प्रबर्द्धन नीति २०६९ कार्यक्रम कार्यन्वयको लागि पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधी २०७२ ( प्रथम संसोधन २०७४) नेपाल सरकार, कृषि बिकास मन्त्रालयबाट स्वीकृत भएपछि यसै कार्यबिधी बमोजिम भए गरेको मानिनेछ । | |

केन्द्र प्रमुख

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

सचिव

# पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७२
## (प्रथम संशोधन २०७४)

**प्रस्तावना**

पुष्प व्यवसायको व्यवसायीक बिकासको लागि बि.सं.२०६९ मंसिर २९ गते नेपाल सरकार मन्त्रि परिषदबाट "पुष्प प्रबद्र्धन नीति २०६९" पास गरि कार्यन्वयनमा आएको साथै सार्वजनिक तथा नीजि साझेदारीमा पुष्प प्रबद्र्धन नीति २०६९ को कार्यक्रम कार्यन्वयन गर्न आ.ब. २०७१/७२ बाट नेपाल सरकार कृषि बिकास मन्त्रालयले पुष्प व्यवसाय प्रबद्र्धन कार्यक्रम संचालन गर्न फ्यान र मन्त्रालय विच सम्झौता भएको छ । यस सन्दर्भमा पुष्प व्यवसाय प्रबद्र्धन कार्यक्रमलाई आगामी वर्षहरु अझ बढि व्यवस्थित गरि सरकारी तथा नीजि क्षेत्रको साझेदारीमा पुष्प व्यवसायको बिकास बिस्तार तथा प्रबद्र्धन, पुष्प उद्योग स्थापना, सञ्चालन एवं बजारिकरण तथा निर्यात प्रबद्र्धन गरी गरिबी निवारण गर्न नेपाल सरकार कृषि बिकास मन्त्रायलले यो कार्यबिधी जारी गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यबिधिको नाम "पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७२" (प्रथम संशोधन२०७४) रहेको छ ।

ख) यो कार्यबिधी नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:-

क) "कार्यबिधि" भन्नाले "पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७२" (प्रथम संशोधन२०७४)लाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले "पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम" लाई सम्झनु पर्दछ ।

ग) "प्राविधिक तथा मूल्याङ्कन समिति" भन्नाले दफा ६ अनुसार गठित समितिलाई बुझाउनेछ ।

घ) "जिल्ला समिति" भन्नाले "फ्यान" अन्तरगत गठित जिल्ला समितिलाई सम्झनु पर्दछ ।

ङ) "कोष" भन्नाले कार्यक्रम संचालनको लागि कार्यबिधिको दफा ८ बमोजिम स्थापना गरिएको कोषलाई जनाउँदछ।

च) "फ्यान" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपाल (FAN) लाई सम्झनु पर्दछ ।

छ) "कार्यक्रमको सचिबालय" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपाल (FAN) को केन्द्रिय सचिबालय "फ्यान" लाई जनाउँदछ ।

सचिव

ज) "सार्वजनीक क्षेत्र" भन्नाले सार्वजनीक सेवा प्रवाहको लागि स्थापित नेपाल सरकार मातहतका निकायहरुलाई जनाउदछ ।

झ) "जिल्ला समिति सचिवालय" भन्नाले जिल्ला अन्तर्गत फ्लोरिकल्चर एशोसिएसन नेपाल, जिल्ला समितिको सचिवालयलाई जनाउदछ ।

ञ) "व्यवसायी" भन्नाले फ्लोरिकल्चर एशोसिएसन नेपाल (फ्यान) मा आबद्ध भएका सदस्यहरु तथा पुष्प व्यवसाय गर्न सम्बन्धित सरकारी निकायमा दर्ता भई कार्य गर्दै गरेका संस्थालाई समेतसम्झनु पर्दछ ।

ट) "मन्त्रालय" भन्नाले कृषि बिकास मन्त्रालयलाई जनाउदछ ।

ठ) "केन्द्र" भन्नाले पुष्प बिकास केन्द्र गोदावरीलाई सम्झनु पर्दछ ।

ड) "उप-समिति" भन्नाले प्राविधिक तथा मूल्याङ्कनसमितीद्वारा गठित उप-समितिलाई जनाउदछ।

**३. कार्यक्रमको उद्धेश्य:**

पुष्प व्यवसायलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई गरिबी निबारणमा सहयोग पु-याउने यस कार्यबिधीको प्रमुख उदेश्य रहेको छ । यस कार्यक्रमको अन्य उद्देश्य देहाय बमोजिम रहेका छन्-

(क) भौगोलिक पहिचान भएका पुष्प तथा आलंकारिक बोट बिरुवाहरुको उत्पादन, प्रवर्द्धन तथा मुल्य अभिबृद्धि गर्ने ।

(ख) पुष्प उत्पादन कर्ता एवं पुष्प व्यवसायीहरुलाई पुष्प उत्पादन गर्ने कार्यमा प्रोत्साहन गर्ने ।

(ग) पुष्प व्यवसायको व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तराष्ट्रिय बजारमा पुष्प निर्यात गर्ने ।

(घ) पुष्प व्यवसायको बिकास बिस्तार र प्रवर्द्धन गर्ने ।

(ङ) नेपाली रैथाने स्थानिय बोट बिरुवाहरुको पहिचान, संकलन, अनुसन्धान तथा व्यवसायीकरणमा सहयोग गर्ने ।

## परिच्छेद २

## साझेदार संस्थाहरु र तिनको भूमिका

**४. फ्यानको जिम्मेवारी र भूमिका:**

यस कार्यबिधी बमोजिम फ्यानको जिम्मेवारी र भूमिका देहाय बमोजिम हुनेछ ।

क) केन्द्रमा पुष्प व्यवसाय प्रवर्द्धनका लागि आगामी आ.ब. भित्र संचालन गरिने कार्यक्रम तयार गरी बजेट पेश गर्ने ।

ख) स्वीकृत कार्यक्रम भित्र रहि नेपाल सरकारको श्रोत र आन्तरिक श्रोतको व्यवस्थापन गर्ने ।

ग) तोकिएको कार्यक्रम संचालनका लागि नेपाल सरकारको प्रचलित नियम तथाFAN को कार्य संचालन बिधि अन्तर्गत रहि आवश्यक कार्य गर्ने ।

सचिव

घ) पुष्प नर्सरी, पुष्प फर्म लगायत व्यवसायीहरुसँग समन्वय गर्ने र उनीहरुलाई पुष्प उत्पादन एवं व्यवसायमा प्रोत्साहन तथा सहयोग गर्ने ।

ङ) कार्यक्रम संचालनका लागि मातहतका उपसमिती तथा जिल्ला समितिलाई बजेट व्यवस्था, निकासा तथा अख्तियारी दिने ।

च) कार्यक्रमको उदेश्य अनुरुप पुष्प उद्योग स्थापना, संचालन र नियमनका लागि गर्नुपर्ने अन्य कार्यहरु गर्ने ।

**५. सार्वजनिक क्षेत्रको जिम्मेवारी र भूमिका**

क) पुष्प व्यवसायप्रबद्र्धनका लागि तयार गरेका कार्यक्रम तथा योजनाहरु स्वीकृत गर्ने ।

ख) साझेदार निकाय बीच समन्वय गर्ने गराउने ।

ग) कार्यक्रमको उदेश्य अनुरुप पुष्प उद्योग स्थापना, संचालन र नियमनका लागि गर्नुपर्ने अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ३
## समितिहरु र तिनको काम, कर्तव्य र अधिकार

**६. प्राविधिक तथा मूल्यङ्कन समिति सम्वन्धी व्यवस्था**

क) सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनगर्न गराउन तथा आवश्यकता अनुसार सम्बन्धित निकायहरुसँगसमन्वय गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छ ।

(ख) उपदफा (क)बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने छन्-

| | |
|---|---|
| प्रमुख, पुष्प बिकास केन्द्र, | –अध्यक्ष |
| प्रमुख,राष्ट्रिय वनस्पती उद्यान | –सदस्य |
| आर्थिक प्रशासन शाखा, पुष्प बिकास केन्द्र | –सदस्य |
| फलफूल बिकास निर्देशनालयको अधिकृत प्रतिनिधि | –सदस्य |
| अध्यक्ष, महासचिब वा फ्लोरिकल्चर एशोसिएसन नेपालको प्रतिनिधि | –सदस्य सचिव |

ग) उपदफा (ख) बमोजिमको समितिमा आबश्यकता अनुसार कुनैपनि बिषय बिज्ञलाई बैठकमा आमण्त्रण गर्न सक्नेछ ।साथै आवश्यकता अनुसार प्राबिधिक सेवा समेत लिन सक्नेछ ।

घ) समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । समितिको सचिवालय फ्यानमा रहनेछ ।

ङ) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) कार्यक्रमको उद्देश्य अनुरुप संचालन हुने कार्यक्रम तथा बजेट अनुदान वितरणका लागि आवश्यक कार्यहरु गर्ने ।

२) कार्यक्रम अन्तर्गत व्यवसायीलाई पूँजीगत अनुदान बितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्ने ।

३) कार्यक्रमको सुपरिवेक्षण र अनुगमन गर्ने र आवश्यकतानुसार जिल्ला समितिलाई सुझाव दिने ।

४) समितिको निर्णयको कार्यान्वयन गर्ने गराउने सदस्य सचिबबाट हुनेछ ।

५) अनुदान बितरणका लागि मुल्याङ्कनका आधारहरु तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

६) आबश्यकता अनुसार अनुदानका कार्यक्रम ब्रेकडाउन गरी कार्यन्वयन गर्न सक्ने ।

७) आबश्यक परेमा प्राबिधीक समितिको अध्यक्षले आर्थिक प्रशासन शाखाको संयोजकत्वमा फरफारक समिती बनाउन सक्ने ।

८)आबश्यकता अनुसार कार्यक्रम संचालनमा सहजता ल्याउन अन्य उप-समिति गठन गर्न सक्ने ।

च) व्यवसायीलाई अनुदान दिने सम्बन्धमा निम्नानुसार प्रकृया अपनाउनेछ ।

अ)व्यवसायीहरुलाई अनुदान दिदा पूँजीगत खर्चमा मात्र अनुदान दिइनेछ साथै अनुदान नगद नभई सम्बन्धित भौतिक संरचना वा सामग्री हुनेछ ।

आ) अनुदान दिईने सम्बन्धित भौतिक संरचना वा सामग्रीको बिस्तृत बिबरण तयार गरी आपुर्तिकर्तासँग बिबरण माग गर्नेछ ।

इ) सोहि बिबरण अनुसारको सम्बन्धित भौतिक संरचना वा सामग्री लिन ईच्छुक व्यवसायीहरु बिच सार्वजनिक सुचना जारी गरी प्रस्ताब माग गरिने छ ।

ई) प्रस्ताब उपर बिस्तृत छानबिन गरी कार्यबिधीको आधारमा उपयुक्त व्यवसायीको छनौट गर्नेछ ।

उ) यसरी छनौट भएका व्यवसायीले आफ्नो तर्फबाट जम्मा गर्नुपर्ने रकम तोकिएको समयसिमा भित्र फ्यान को कोषमा जम्मा गरेपछि सम्बन्धित भौतिक संरचना वा सामग्री अनुदान प्राप्त गर्नेछन ।

## परिच्छेद४

## कोष व्यवस्थापन

७. कोषको स्थापना

क) पुष्प व्यवसाय प्रबद्र्धन कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट प्राप्त रकम र फ्यानको तर्फबाट गरिने खर्चलाई एउटा छुट्टै कोषको स्थापना गरिने छ ।

ख) उपदफा (क) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् ।

१. नेपाल सरकारबाट प्राप्त सहयोग रकम,

सचिव

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाबाट कार्यक्रम संचालनका लागि प्राप्त हुने सहयोगरकमहरु

३. सम्बन्धित उदेश्य प्राप्तीका लागि व्यावसायीबाट जम्मा गरिएको रकम

४. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम

ग) उप दफा (ख)को २ बमोजिम रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

## ८. कोषको सञ्चालन सम्बन्धि व्यवस्था

कोषको सञ्चालन देहाय बमोजिम गरिनेछ ।

क) कोषमा प्राप्त हुने रकम "क" बर्गको वाणिज्य बैंकमा फ्लोरिकल्चर एशोसिएसन नेपाल को नाममा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता सञ्चालनपुष्प बिकास केन्द्र, प्रमुख र फ्लोरिकल्चर एशोसिएसन नेपालको अध्यक्ष वा एसोसियसनले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ ।

ग) कोषको रकम नेपाल सरकारले तोके बमोजिम पुष्प व्यवसाय प्रबद्र्धन कार्यक्रम संञ्चालनमा खर्च गरिने छ ।

घ) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रयोजनको लागि मात्र खर्चगरिने छ ।

## ९. कोषको लेखा र लेखा परिक्षण

(क) कोषको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख) कोषको लेखा परिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट गराई केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) कोषको लेखा परिक्षण आ.ब.समाप्त भएको मितिले तीन महिना भित्र गराउनु पर्नेछ ।

(घ) लेखा परिक्षकको नियुक्ती र परिश्रमिकको निर्धारण केन्द्रको सिफारिसमा फ्यानले गर्नेछ ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

(च) कोषको आन्तरिक लेखा परिक्षण अन्तिम लेखा परिक्षण हुन एक महिना अघि FAN ले गर्ने छ ।

(छ) स्वीकृत कार्यक्रम संचालनको लागि निकासा गर्दा कार्यक्रम संचालनका लागि आवश्यक तयारी सहित काम शुरूवात भएपछि २० प्रतिशत, काम सम्पन्न भैसकेपछि ६० पतिशत र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भैसकेपछि २० प्रतिशत रकम पुष्प बिकास केन्द्र गोदावरीबाट निकासा हुनेछ ।

सचिव

परिच्छेद५
## अनुगमन तथा मूल्यांङ्कन सम्बन्धि व्यवस्था

### १०. अनुगमन तथा मुल्याङ्कन

क) सार्वजनिक तथा निजी साझेदारीमा सञ्चालित पुष्प व्यवसाय प्रबद्र्धन कार्यक्रमको प्रभाबकारिता र अनुदान रकमको सदुपयोगको बारेमा अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय मातहतका निकायहरु एवं सरकारका अन्य प्रतिनीधीहरु,प्राबिधिक तथा मूल्याङ्कन समितिका पदाधिकारीहरुबाट हुनेछ ।

ख) जिल्ला स्तरमा यस कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य जिल्ला समिति, उद्योग बाणिज्य संघ र सम्बन्धित नेपाल सरकारका मातहात निकायबाट हुनेछ ।

### ११. कार्यक्रमको समिक्षा तथा प्रगती प्रतिबेदन पेश गर्ने

क) प्रचलित नियमानुसार तथा तोकिएको ढाँचामा कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगती प्रतिबेदन सचिवालयले पुष्प बिकास केन्द्रमा पेश गर्नेछ ।

ख) सचिबालयले कार्यक्रमको प्रगती तथा उपलब्धीबारे चौमासिक तथा बार्षिक रुपमा प्राबिधीक समितिबाट समिक्षा गर्नु गराउनु पर्नेछ ।

परिच्छेद६
## बिबिध

### १२. भ्रमण आदेश स्वीकृति तथा भ्रमण भत्ता सम्बन्धि व्यवस्था

क) यस कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा देश भित्र कुनै सरकारी व्यक्ति वा पदाधिकारीले भ्रमण गर्नु पर्दा भ्रमण आदेश सम्बन्धित कार्यालयको प्रमुखबाट र अन्य व्यक्ति वा पदाधिकारीहरुको हकमा सम्बन्धीत संस्थाबाटै स्वीकृत गरिनेछ । तर कार्यक्रम कार्यन्वयनमा सहयोग पुर्याउने उदेश्यले कुनै व्यक्ति वा पदाधिकारी देश बाहिर भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकारको पुर्व स्वीकृती लिनु पर्ने छ ।

ख) उपदफा (क) अनुसार कुनै व्यक्ति वा पदाधिकारीले भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्दा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ ।

### १३. समितिको बैठक भत्ता

यस कार्यबिधी बमोजिम गठित बिभिन्न समिति तथा उप-समितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने बिज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल सरकारको प्रचलित नियमानुसार पाउने छ ।

सचिव

१४.खरिद व्यवस्था

कार्यक्रम अन्तरगत गरिने खरिद प्रक्रिया नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

१५. कार्यबिधीको व्याख्या

यस कार्यबिधीमा उल्लेख भएका प्रावधानका सम्बन्धमा कुनै विवाद भएमा सोको व्याख्या पुष्प व्यवसाय बिकास समन्वय समितिको निर्णय बमोजिम हुनेछ । सो बाहेक अन्य बिषयमा फ्लोरिकल्चर एशोसिएसन नेपालको आर्थिक नियमावली र नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. कार्यबिधीको संसोधन

नेपाल सरकार, कृषि बिकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यबिधीमा संसोधन तथा थपघट गर्न सक्नेछ ।

१७.कार्यक्रमको बचाउ

पुष्प प्रबद्र्धन नीति २०६९ कार्यक्रम कार्यन्वयको लागि पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यबिधी २०७२ (प्रथम संसोधन २०७४) नेपाल सरकार, कृषि बिकास मन्त्रालयबाट स्वीकृत भएपछि यसै कार्यबिधी बमोजिम भए गरेको मानिनेछ ।